# युरोपमा सकेला सिल्लीको सुरुआत र किरात राई

केजिन राई
पोर्चुगल

काठमान्डौको खसी बजार मा सकेला सिल्ली प्रादुरभाव गराउनु हुने २००७ सालका क्रान्तीकारी योद्धा स्वर्गीय बाजे बुद्धिकर्ण राईलाई सम्झन्छु । युरोप महादेश अन्तरगत रहेको संङ्घीय गणतन्त्र जर्मनको फ्रान्कफर्ट स्थित बाइटार्ड स्टाडमा १९९८ को जुन महिनामा आयोजित साकेला सिल्ली स्मरण गर्नसाथ सधै म पूर्वबाट तीसको दशकमा उपत्यका छिर्नु भई बागबजारमा खसी व्यापारको स्थापना गर्नु हुने बाजेलाई बाग बजारको नेवार समुदाय बिचमा साकेला सिल्ली परम्परगत राई संस्कृतिको सुरुआत गर्नु दाँतबाट पसिना झार्नु परेको थियो, झनै बजुहरु सबै नेवार हुनु भएको कारण पनि अनेक खप्की सहन बाध्यता त छदै थियो नै । हेर ! नाती सानो छु, पुड्को छु, थेप्चे छु, अन्जान छु भन्दैनभन्ने राईको बानी ले कति फाइदा गरेको होला कति बेफाइदाहरु त यो आफ्नो ठाउँमा छदैछ, हामी थेप्चो छौ त गर्वकासाथ थेप्चे भन्न सक्नु पर्छ, तर यहाँ सबै होइन म थेप्चे नै छुइनँ भन्ने मात्र भेटे । बाजेले मलाई भेटमा बारम्बार त्यही दु:खेसो पोख्नु हुन्थ्यो ।

०४७/०४८ सालतिर म युगध्वनी साप्ताहिक मा लेख्ने गर्दथे, घल राई, प्रताप, नवराज, विष्णुकमल दाईहरूले प्रजातन्त्र र प्राप्तिसँगै पाएको हक र अधिकारबाट हर्षितहुदै काठमाण्डौको मैतिदेवीमा रहेको पत्रिकाको हाते छापाखानामा काम गर्दै गर्दा एक दिन उपत्यकामा सकेला, साकेवाको प्रादुरभाव कसरी भयो लौ केजिनजी पत्ता लगाउनु पर्‍यो है, प्रताप नाछिरिङ दाईको कुरामा बर्तमान दाइले पनि थप्नु भो, हो त नी, त्यसपछि वहाँले नै बुद्धिकर्ण बाजेको मा जानु भन्नुभयो । मैले बाजे कहाँ बस्नहुन्छ भनेर सोधे, वर्तमान दाईले बागबजार खसी बजारमा हो तपाईंकै क्यामपससँगै छ, मैले हुन्छ भनिदिएँ, किनकी म आर. आर. क्यामपसमा अध्ययन पनि गर्दथे । बाजेलाई खोजिनीति गरेपछि टुकुचा खोलासँग जोडिएको शङ्करदेव क्याम्पस उत्तापट्टीको झुप्रोमा खसी बाखाको बरकोउला बरकोउला गन्हाउने गुन्द्री माथि राडी ओछ्याएर सुल्फा र हुक्का तान्दै बाजे बसिरहनु भएको मैले देखे, पत्रिकामा काम गर्छु अगाडी आर. आर. क्यामपसमा पढ्छु, बाजेसँग केही सोध्न पो आएको, भनेर बाजेलाई बताएँ । त्यसपछिको के खोज्छस् कानो आँखो भैइहाल्यो । बाजेले मैले कति दु:ख कष्ट सहेर यो खसी बजारमा साकेला नाच को सुरुआत गरेको हुँ तलाई भनेर साध्य छैन् नाती । आउदै गर । म भन्ने छु तलाई । बाजेमा खसीको मोल गर्न खरिद कर्ता आएकोले मलाई अहिले जा भनेर विदा दिनु भयो ।

अब त मलाई ढुक्क भो मैले बारम्बार बाजेकोमा धाउने गर्न थाले किन कि बाजेले भुजिया, चिउरा, खसीको भुटेको मासु खुब खान दिनहुन्थ्यो । कलेजमा भोकले भुडी कराउन थाल्यो कि म मे आई गो टु ट्वाइलेट सर, भनेर बाजे कहाँ टाप कसिहाल्थे । फेरि विधार्थी जीवनमा लाग्ने भोक कत्ति हर-हर हो अहिले सम्झदा उराठै लागेर आउँछ भन्या । क्यामपस विदामा समेत भोक लागेको हुदो हो त म त्यो बाटो पर्दा म बाजे कहाँ छिर्न भुल्दिनथें । त्यस बेलाको अल्लारे अतित सम्झेर रमाइलो लाग्छ अहिले मलाई, अनि धेरै नरमाइलो पनि किनकी बाजे अहिले यस धरातलबाट बिलिन भइसक्नु भएको छ । धेरै पढेर आफ्नो कलचरबारे खोज गरेस है भनेर मलाई धेरै माया गर्नुहुन्थ्यो । पत्रिकामा काम गर्दागर्दै परदेशतिर लागेको पनि वर्षौं वर्ष बितिसकेछ । यूरोप महादेशभित्रका इटाली, स्वीडेन, स्पेन, फ्रान्स, पोरचुगल, जर्मनी लगायत लगभग सबै मुलुकहरूमा सुखदु:खका दिनहरु काट्ने क्रममा बिझेका कुराहरु ओक्लनु त राम्रो पक्कै पनि होइन नै, परन्तु बुद्धिकर्ण बाजे को अर्थी सम्झेर मात्र मलाई फ्रेन्कफर्ट

Weiterstad, Garmany बारे भन्न मन लागेको छ । भन्ने क्रममा कसैलाई लाग्न सक्ने चोटको लागि मैले माफी माग्नै पर्दछ ।

किरात राईहरू यूरोपभित्र मुख्य रुपमा जर्मनी, नेदरल्याण्ड, स्वीडेन, डेनमार्क, अष्ट्रीया, इटाली, नर्वे, बेलजियम, स्पेन, फ्रान्स, पोरचुगल लगायतका मुलुकहरूमा बसोवास गरेका छन् । व्यापार, रेस्टुराँ, अध्ययन, सरकारी सेवा लगायत विभिन्न पेसामा रहेका किरात राई बाहेक अधिकांश त शरणार्थी र अवैध बसाइमा रहेको पनि पाइन्छ । त्यसरी बाध्यता र विवशताले बस्नु बेलायतमा रहने गोर्खा लाहुरे परिवार अनि व्यापार व्यावसाय, अध्ययनको सिलसिलामा बाहेक युरोपतिरको किरात राई समुदाय मात्र नभै समग्र नेपालीको पीडा र बाध्यता रहिआएको छ ।

जहाँ रहेपनि घरको दाजुभाई, दिदीवहिनी र नजकिको नातेदार आफन्त त साँच्चै प्यारो हुन्छ । यही मनहरुको भीडमा आफू पनि अलग रहने प्रश्नै रहेन । डा. अजम्बर राई अंकल इटाली स्थित कृषि विभाग अन्तरगत सरकारी सेवामा कार्यरत हुनुहुन्थ्यो । सङ्घीय गणतन्त्र जर्मनीको लागि महामहिम राजदुत डा. नोवल किशोर राई हुनुहुन्थ्यो । Frankfurt, Germany स्थित खोटाङका किरात राई युवा व्यापारी मणीकुमार राई दाईको दोकान Boken Heim Leipziger Strasse ३३ मा भेला भएका किरात राई जमातविचमा दुई लिटरको विन्डिङ एक्सपर्ट पिउदै मणि दाइले भन्नु भयो लौन त केजिन भाई तपाईं त किरात राई यायोख्खाको आजिवन सदस्य पनि, आउने बुद्ध जयन्तीमा साकेला डान्स र बि बि क्यु को आयोजना गर्नुपर्छ । फ्रान्कफर्ट मा मणि दाईको कुरालाई कसैले काट्ने कुरै आएन मैले पनि नेपालबाट ढोल झ्याम्टा झिकाउने र महामहिम डा. राई दाईलाई, नेपाल जर्मन मैत्री संघ जर्मनीको लागि बाणिज्यदुत वर्तमान NRN यूरोपको Vice-President र रामप्रताप थापा आदिलाई खबर गर्ने मेरो जिम्मेवारी भयो । Hausanaweg बस्ने लक्ष्मी राई भाउजुले चोखो जाँड र अदुवाको जिम्मा लिनु भयो । किरात राई परिवार जर्मनी नामकरण गरेर मणी दाईलाई संयोजक बनाई धेरै पटक भेला मिटिङ्ग बसेर Weiterstadt मा साकेला राई उत्सव कार्यक्रमको आयोजना गरियो । Rodalheim का बासु राई, भोजपुर शहरमान राई, मोरङ् दीपक राई खोटाङ, Dusseldruff का मणी राई भाउजु धनकुटाका जिमी राई गरेर पन्ध्र जना हामी सो राई परिवार मा सदस्य रहेका थियौं । अन्दाजी १५०० जर्मन मार्क खर्च भइसकेको थियो । यूरोप महादेशमा भएको यो पहिलो कार्यक्रम थियो । सबै समाजका नेपालीहरूलाई निमन्त्रणा गरिएको थियो । जर्मनको सबैभन्दा छिट्टो कुद्ने आई सी यु ट्रेन चढेर मुन स्टार, बाम्बोक् Koln, Bonn, Berlin, Stuttgard, Bremen Weisbadan Eschbonn बाट नेपाली र जर्मन पाहुनाहरू आउनु भएको थियो । महामहिम राजदुत, बाणिज्यदुत लगायतले शुभकामना पठाउनु भएको थियो । Dramstad, Waeiterstad को जङ्गलमा ढोल, झ्याम्टा अनि साउण्ड सिस्टम ले पुरै थर्किएको समय साँच्चै हर्षमय र मन रुवाउने खालको थियो ।

घाम लाग्यो हजुर घमस्ते
उपस्थित सबैलाई नमस्ते
ओई सिम्मा उपस्थित सबलाई नमस्ते

अरुण नै तमोर तरेर
के लानु छ र मरेर

सुनकोशी तिर तिर सुन खानी
दुई दिने हाम्रो जिन्दगानी
ओइ सिम्मा,ओई सिम्मा

भेडेटार धरान रमाइलो
सङ्घर्ष गर्न उठ लौ
रावा र सावा सुसाको
घाम ताप्न हुन्न उसाको
ढोल भ्याम्टा गज्जा पुज है
ट्याम्के र साल्पा वुझ है
ओई सिम्मा...

राजेन्द्र, दिपक, डुसल्डुल्फ कि मुना दिदी संगीता भाउजु भोजपुरका राजु खालिङ्, खोटाङका ऋषि धन राईहरूले सामुहिक रुपमा यी शब्दहरू साकेला सिल्लीमा गुन्जाउदा हामी नेपाल र नेपालीलाई झन माया गरिरहेका थियौं । मलाई त मेरै गाँउ अनि नेर्पा, टेम्मा, दोर्पा, बाम्राङ्, पथरी, धरान, हुँदै खुला मन्च र तिखेदेवल अनि जाउलाखेल तिरको चन्डी, सकेला, साकेवा, तोषि, साक्ले को सम्झना आयो ।

अन्दाजी चारसयपचास नेपाली उपस्थित सो कार्यक्रममा एक ट्रक क्यान बियर लगायत तीस, चालीस धार्नी बंङगुरको मासुको ब्यावस्था गरिएको थियो । हामीले सम्पुर्ण खर्च परिवारका सदस्यले व्यहोरेका थियौं । किरात राई सदस्य बाहेक अरुलाई हामीले खर्च नउठाउने निर्णय गरेका थियौं । तर Leipziger Stresse 33 मा बसेको हाम्रो बैठकले एउटा स्वेच्छा चन्दा बाकस राख्ने र जम्मा भएको रकम किरात राई यायोख्खा नेपाललाई दिने निर्णय भए अनरुप नेपाली जर्मन पाहुनाले ५०/१०० मार्क बाकसमा हालेका थिए । बाकस लगभग भरिएको मैले ठानेको छु । कार्यक्रमको अन्ततिर सबैलाई बियर लागिसकेको थियो । तर म चाहि पिउने बानी भएको कारण कुल नै थिएँ भन्नुपर्ला । त्यो स्वेच्छा चन्दा बाकस आफ्नो मोटर बाइकमा राखी आफ्नो डेरातर्फ कुदाउनु भएको मैले देखें । बासु, मणी दाईको भनाई के भने बाकसको लगभग २५०० मार्क, सुने अनुसार एक रुपैयाँ पनि जम्मै यायोख्खा नेपाललाई दिने बाँकी अपुग खर्च हामीले ब्यहोर्ने, कसैले नतिर्ने हो भने ठिकै छ म नै १००० मार्क तिर्न तयार छु बासु दाई भन्दै हुनुन्थ्यो । पछि बुझे अनुसार थाहा भो, दिपकजीले आधा रकम मात्र यायोख्खालाई दिने भनेर झगडा भएको रहेछ । त्यसपछि टाढाटाढा बस्ने हामी बीचमा भेटघाट सम्भव थिएन । यसबारे म केही साथीसहित दिपकजी कहाँ गएँ । तर वहाँको रिस र घमण्ड सम्झेर म जानै छाडें । यो बारेमा दीपकजी ले चुपी निकालेर साथीहरूलाई लखेटे पछि परदेशमा ज्यान जाला भनेर आफ्नो बाटो तताउनु पर्यो । त्यसपछि यतातिर किरात राईहरूको जमघट सम्भव भैरहेको छैन । यसरी उठेको रकम यायोख्खा केन्द्रले पायो पाएन । म दुई पटक नेपाल छुट्टी मा जाँदा समेत मेरो आफ्नो ब्यस्तताले बुझ्नु पाइनँ । आशा के छ भने यायोख्खाले त्यो रकम हात पारिसकेको छ ।

यसरी मैले बाजेलाई किन सम्झेको हो भने हामी हाम्रो गल्तिलाई स्वीकार्न तयार छैनौं । आफू महान छु भन्ने भ्रम बोकेर केही खोक्रो आडम्बर बोक्ने परम्परा हामी राई बन्धुहरू बिच मैले पाएँ । अबको दिनमा हामीहरू सबैले तँ भन्दा म जान्ने र तँ भन्दा म ठूलो भन्ने अहम भावनालाई च्यात्नै पर्दछ ।